स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





स्टारडम र एक्टरमा निकै ठुलो भिन्नता हुन्छ। स्टार पर्दामा पनि पात्रभन्दा बढी स्टार नै देखिन्छ भने एक्टर कथाको जीवन्त पात्र। निर्विवाद विपिन कार्की एक्टर हुन्। उनले फिल्ममा जुन भूमिका निर्वाह गर्छन्, दर्शकलाई विपिन नै हुन् भनेर चिन्न मुस्किल पर्छ। "पशुपति प्रसाद" "जात्रा"को फणीन्द्र। विपिन सोही पात्र लाग्छन्। "गुरुकुल"मा रङ्गमञ्चको औपचारिक प्रशिक्षण लिएर अभिनयमा होमिएका हुन् विपिन।

आजको विचार...



हुकुम...
(दुई पेजमा)

शम्भु कोइराला

(शुक्रबार) देखि प्रदर्शनमा आउन लागेको चलचित्र "लालीबजार"को प्रिमियर आज काठमाडौंको एक हलमा भएको छ। प्रिमियरमा दिनेश डीसीदेखि अग्रज कलाकार हरिवंश आचार्यसम्म पुगेका थिए। स्वस्तिमा खड्काको मुख्य अभिनय रहेको फिल्ममा विशाल देवकोटा, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, प्रशंसा सुवेदी, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, आशा पौडेललगायत कलाकारहरुको अभिनय छ। निश्चल बस्नेतलाई खरानी ग्याङको लिडर भनेर बोलाएपछि हाँसो फैलिएको थियो।

❒ वर्ष ३१ ❒ अंक २८० ❒ २०८३ बैशाख २६ गते शनिबार 9 May 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# देशभरका सुकुम्बासी आन्दोलित

## सडकमा निस्किएर सरकारको विरोध
## 'राज्य आतंक' बन्द गर्न चेतावनी

**हाम्रा संवाददाता**

**पाल्पा,** वैशाख २५/सरकारले विकल्प बिना बस्ती खाली गराउन थालेपछि देशभरका भूमिहीन तथा अव्यवस्थित बसोवासीहरू आन्दोलित भएका छन् । काठमाडौंबाट सुरू भएको बस्ती खाली गर्ने अभियान देशभरका सुकुम्बासी बस्तीहरूमा डोजर चलाएर खाली गराउने योजनामा सरकार लागेपछि भूमिहीनहरू आन्दोलित भएका हुन् ।

काठमाडौंका १५ हजार बढी नागरिक विस्थापित भइसकेका छन् । त्यस्तै अवस्था आफ्नै क्षेत्रमा पनि आउने आशंकामा अहिले भूमिहीनहरू आवासको अधिकारको माग गर्दै सडकमा उत्रिएका हुन् । विकल्प बिना बस्ती खाली गराएको भन्दै भूमिहीन तथा अव्यवस्थित बसोवासीले सडकमा निस्किएर सरकारको विरोध गरेका छन् । अहिले काठमाडौं, बुटवल, पोखरा, धरान, मोरङ, बर्दिया, दाङ, मोरङ, झापा लगायतका शहरहरुमा सुकुम्वासीहरुले निरन्तर आन्दोलन गरिरहेका छन् ।




केही दिन यता बुटवलमा भूमिहीन र अव्यवस्थित बसोवासीको सडक प्रदर्शन गरिरहेका छन् । सरकारले पहिला वास्तविक भूमिहीन तथा अव्यवस्थित बसोवासीको पहिचान गरेर विगतका सरकारको पालामा भूमि आयोगले व्यवस्था गरे अनुसार व्यवस्थापन गर्न र लालपुर्जा दिनुपर्ने प्रदर्शनकारीको माग छ । प्रदर्शनमा सहभागीहरुले प्रधानमन्त्री बालेनको राजीनामा माग्दै चर्को नाराबाजी गरेका छन् । उनीहरुले डोजर आतंक बन्द गर, नागरिकलाई विस्तापित होइन स्थापित गर,हाम्रो कर र मत वैध हामी बसेको जमिन कसरी अवैध, नागरिकलाई आत्महत्या गर्न बाध्य पार्ने कार्य बन्द गर, मानव अधिकारको सम्मान गर, ध्वंश हैन बाच्ने अधिकार दे, बस्ती उजाड हैन व्यवस्थापन गर, व्यवस्थापनको नाममा नजरबन्द बन्द गर, विकासको नाममा विनाश स्वीकार्य छैन लगायतका नारा लेखिएका प्लेकार्डसहित प्रदर्शन गरिरहेका छन् । प्रदर्शनमा सहभागीहरूले आफूहरूलाई उचित विकल्प नदिई बल प्रयोग गरेर बस्ती हटाउने कार्य अन्यायपूर्ण भएको बताएका छन् । उनीहरूले लामो समयदेखि बसोबास गर्दै आएको स्थानबाट विस्थापित गर्न खोज्नु मानव अधिकारको उल्लंघन भएको भन्दै तत्काल यस्तो अभियान रोक्न सरकारसँग माग गरेका छन् । रुपन्देहीमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित गरी ८० हजार बढीले विघटित भूमि समस्या समाधान आयोगमा निवेदन दिएका थिए । विघटित आयोगका रुपन्देही अध्यक्ष कुमार थापा मगरका अनुसार रुपन्देहीमा करिब एक लाख भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी रहेका छन् । बुटवल सहित अन्य जिल्लाहरुमा पनि दिनहुँ सरकारको विरुद्धमा सुकुम्वासीहरुले सडकमा निस्किएर प्रर्दशन गरिरहेका छन् ।

सकारले यस अघि ६० दिनभित्र लगत संकलन र प्रमाणीकरण तथा १००० दिनभित्र भूमिहीनलाई लालपुर्जा वितरण गरिसक्ने घोषणा गरेको थियो । तर प्रमाणीकरण मात्र होइन लगत संकलन समेत नगरी डोजर चलाएर आफूहरूलाई सरकारले आतंकित पारेको भूमिहीनहरूको गुनासो छ । यो बीचमा सरकारले भूमि आयोग खारेज गरेको छ । अब समिति बनाएर भूमिहीनको समस्या समाधानका लागि पहल गर्ने सरकारको योजना छ । तर पहिले बस्ती खाली गराउने र त्यसपछि योजना बनाउने बाटोतर्फ लागेको भन्दै विरोध छ । अहिले देशका विभिन्न जिल्लामा सुकुम्बासी बस्ती खाली गर्ने सरकारी निर्णयको विरोधमा प्रदर्शन भइरहेका छन् ।

### संक्षिप्त समाचार

## दश लाख भन्दा बढी विस्थापित : राष्ट्रसंघ

**(रासस/ क्युएनए)**

**न्युयोर्क,** वैशाख २५/संयुक्त राष्ट्रसंघका महासचिवका लागि प्रवक्ता स्टेफन डुजारिकले लेबनानमा दश लाख भन्दा बढी मानिसहरु विस्थापित रहेको जनाएका छन् । एक लाख २६ हजार मानिसहरूलाई देश भरका ६०० भन्दा बढी सामूहिक आश्रयमा राखिएको उल्लेख गर्दै उनले अधिकांश विस्थापितहरू अझै आश्रय बाहिर नै रहेको बताए । पत्रकारहरुसँगको दैनिक साक्षतकारको क्रममा उनले मार्च -२ देखि संयुक्त राष्ट्र संघले ११० वटा मानवीय समुह र मिसनहरूको सेवा प्रवाहलाई सहज बनाएको जनाउनु भएको छ । यद्यपि, सहायता वितरण अपरेसनहरूले विभिन्न अवरोध, असुरक्षा, आवागमन प्रतिबन्ध, नागरिक पूर्वाधारमा क्षति लगायतका समस्याको सामना गर्न बाध्य रहेको जनाइएको छ । लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बलका शान्तिरक्षकहरूले शंकास्पद गतिविधिहरू अपरेसनहरू, लगायत यस क्षेत्र भरि इजरायली सेनाहरूद्वारा सञ्चालित सैन्य गतिविधिहरूको निगरानी जारी राखेको जनाइएको छ ।जारी हिंसाबाट शान्तिरक्षक र संयुक्त राष्ट्रसंघीय सुरक्षा स्थलहरू प्रत्यक्ष रूपमा प्रभावित भइरहेको उनले चेतावनी दिए । इजरायली सैन्य गतिविधिको कारण शुक्रबार एल बियाडाको युनिफिल क्षेत्रका तीन वटा भवनहरूमा संरचनात्मक क्षति पुगेको तथा नजिकैका क्षेत्रहरूमा आगलागी समेत भएको जनाइएको छ ।

## 'अध्यादेश लोकतान्त्रिक अभ्यास विपरित'



**हाम्रा संवाददाता**

बुटवल, वैशाख २५/ नेपाली काँग्रेसकी प्रभावशाली नेतृ निर्मला क्षेत्रीले वर्तमान सरकारले धमाधम अध्यादेश ल्याएर लोकतान्त्रिक अभ्यास विपरित काम गरेको बताएकी छन् । बुटवलमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले संसद अधिवेशन अन्त्य गरेर धमाधम अध्यादेश ल्याइनु लोकतान्त्रिक अभ्यासविपरीत भएको बताएकी हुन् ।

लुम्बिनी प्रदेश संसदीय दलकी पूर्व सचेतक समेत रहेकी क्षेत्रीले अध्यादेशमार्फत शासन सञ्चालन गर्ने प्रवृत्तिलाई "संसदीय प्रणालीमाथिको गम्भीर प्रहार"को संज्ञा दिँदै लोकतन्त्रलाई कमजोर पार्ने कुनै पनि कदम नेपाली काँग्रेसलाई स्वीकार्य नहुने स्पष्ट पारिन् ।वर्तमान सरकारको कार्यशैलीप्रति कडा असन्तुष्टि जनाउँदै लोकतान्त्रिक मूल्य, संसदको गरिमा र नागरिक अधिकारमाथि हस्तक्षेप भइरहेको उनले आरोप लगाइन् । जनप्रतिनिधिको भूमिकालाई निष्क्रिय बनाउँदै "चोर बाटो"बाट कानुन लाद्ने प्रयास जनमतको अपमान भएको उनको भनाइ थियो ।

*(... बाँकी अन्तिम पेजमा)*

## हिउँचितुवा गणना गर्न ५६ स्थानमा क्यामेरा राखियो

**गलकोट (बागलुङ),**वैशाख २५/ नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलोपटक हिउँचितुवा गणनाका लागि क्यामेरा जडान गरिएको छ । पन्ध्र दिन लगाएर तीन समूहले तीन हजार २०० मिटरदेखि पाँच हजार ५०० मिटरको उचाइमा पुगेर ५६ सेन्सरसहितको क्यामेरा जडान गरिएको छ ।

नाउर र झारलको वैधानिक सिकार हुने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँचितुवा पाइने भए पनि अहिलेसम्म गणना हुनसकेको थिएन । हिउँचितुवाको यकिन संख्या पत्ता लगाउन प्राविधिक, सिकार आरक्षको टोली र गणकहरू क्यामेरा जडान गरेर फर्किएका छन् । आरक्षका रेन्जर सागर सुवेदीका अनुसार ५६ क्यामेरा तीन समूहले छवटा सिकार ब्लकमा राखेर फर्केको बताए । क्यामेराले ४५ दिनसम्म आफैं फोटो संलग्न गर्नेछ । क्यामेराको ब्याट्री र मेमोरी कार्ड भने १५ दिनमा परिवर्तन गर्न प्राविधिक समूह पुन: क्यामेरा राखेको स्थानमा पुग्नेछ । ओडारमा बास बसेर, कष्टकर हिउँ छिचोलेर प्राविधिक टोली क्यामेरा जडान गरेर फर्किएको सुवेदीको भनाइ छ । "हिउँचितुवाको गणनाका लागि ५६ स्थानमा क्यामेरा राखिएको छ, क्यामेराले ४५ दिनसम्म कैद गरेका फोटोका आधारमा चितुवाको संख्या पत्ता लगाइन्छ, अहिले १५-१५ दिनमा क्यामेराको मेमोरी र ब्याट्री फेर्न प्राविधिक टोली सोही स्थानमा पुग्छ", सुवेदीले भने, "सम्भावित चितुवाको बासस्थान, ओडार, जंगललगायत उच्च हिमाली भेगको बनोट हेरेर क्यामेरा जडान गरिएको छ ।"-



(... **बाँकी अन्तिम पेजमा** )

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## कानुन दिवसको सार्थकता

**कानुन र न्याय क्षेत्रमा संलग्नहरुले आज विविध कार्यक्रम गरि कानुन दिवस मनाउँदै छन् । प्रधान न्यायलयको ऐन, २००८ जारी भई २००९ साल वैशाख २६ गते लागु भएको दिनको सम्झनामा यो दिवस हरेक वर्ष वैशाख २६ गते मनाउने गरिन्छ । नेपालको न्यायिक इतिहासलाई सम्झने क्रममा आजको दिनलाई एउटा ऐतिहासिक र विशेष महत्वको रुपमा हेरिन्छ । राणा शासनकालमा राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकारको प्रयोग एकै निकायबाट हुँदै आएको थियो । तर आजकै दिन (२००९ साल वैशाख २६ गते) बाट नेपालमा नेपाल प्रधान न्यायालयको ऐन, २००८ लागू भई शक्ति पृथकीकरणको सिद्धान्त र स्वतन्त्र न्यायपालिकाको अवधारणालाई स्वीकार गरी अवलम्बन गरिएको थियो । सोही कारण आजको दिनको विशेष महत्व रहन पुगेको हो ।**

**न्यायपालिकालाई कार्यपालिकाबाट पृथक राखी स्वतन्त्र, निष्पक्ष र तटस्थ न्यायपालिकाको स्थापना, विधिको शासन र आधुनिक न्याय प्रणालीको सुरुआतका लागि यस पवित्र दिनको विशेष महत्तव रहेको छ । गतिशील समाजका हरेक काम कारवाही र मानवीय गतिविधिहरूलाई नियमन, व्यवस्थापन र सञ्चालन गर्ने औजारका रुपमा कानुनलाई लिइन्छ । कानुन शब्दले विभिन्न प्रकारका नियम तथा सिद्धान्तलाई व्यक्त गर्दछ ।अहिले न्यायपालिका विभिन्न स्वरुपमा कार्यपालिकाको प्रभावमा परेको अनुभुति हुने गरेको छ । स्वतन्त्र न्यायपालिका र शक्तिपृथकिकरणको सिद्धान्तको कुरा उठिहरेको अहिलेको अवस्थामा शक्ति पृथकिकरणको सिद्धान्तको व्यवहारिक कार्यान्वयनमा के–के चुनौतीहरु छन् ? अहिलेको अवस्थामा स्वतन्त्र न्यायपालिकाको गरिमा र कसरी शिर उच्चो राख्ने भन्ने विषयमा ब्यापक बहस गरिनु पर्दछ ? न्यायालयलाई राजनीतिक प्रभावबाट मुक्त राख्नु अहिले आवश्यकता हो । न्यायपालिकामा राजनीतिक गन्ध रहेकाले अहिले न्याय सम्पादन समेत निष्पक्ष, पारदर्शी हुन सकिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो । हजुरबुवाको पालाको दर्ता भएको मुद्दा नातीले पनि खेपिनुपर्ने अवस्था अब अन्त्य गरिनु पर्दछ । न्यायका लागि घरखेत बेचेर अदालती कारवाहीको पैसा तिर्नुपर्ने अवस्थाको अन्त्य गरी एउटा गरिबले पनि न्यायमा सहज पहुँच पुग्न सक्ने अवस्थाको सिर्जना गरिनु पर्दछ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने कानुन दिवसले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

समय नै सबैभन्दा ठूलो परीक्षा हो
किनकि मान्छे हरू शब्दले होइन व्यवहारले चिनिन्छन् ।
*(शान्ता ढकालेको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हुकुमबासीको घानमा सुकुम्बासी



## शम्भु कोइराला

**नमागिएको सल्लाह :**
नेपालमा बालेन्द्र साहको नेतृत्वमा बलियो सरकार बनेपछि नदी किनारामा बसेकाहरूको बस्ती हटाउने काम प्राथमिकतामा पऱ्यो । मेयर हुँदाको अवस्थामा गर्न नसकेको काम भएकाले होला यसमा सबै सुरक्षा संयन्त्र र राज्यशक्ति परिचालन गरेर खोलाकिनारका बासिन्दालाई विस्थापन गरिँदैछ । यो विस्थापनमा सुकुम्बासीको नाममा हुकुम्बासी पनि परेका छन् तर ठूलो संख्यामा घरबारविहीन सुकुम्बासीहरू रहेका छन् । आज सोलोडोलोमा जसरी विस्थापितहरूलाई हुकुम्बासी र अमूक दलको झोले भनेर सामाजिक सञ्जालमा गिज्याउन खोजिएको छ । त्यसले नेपाली समाज कति एकांगी र संवेदनहीन हुँदैगएको छ भन्ने बुझ्न सकिन्छ । दश वर्षे माओवादी द्वन्द्वले यस्तो संवेदनहीनतालाई सामान्यीकरण गरिदिएको थियो । हिजोका दिनको दलतन्त्रमा दलका कार्यकर्ताहरू संवेदनहीन देखिएका थिए भने अहिलेको सरकारका अन्ध समर्थक सञ्जाल प्रयोगकर्ताहरू विस्थापित सुकुम्बासीको घरबारविहीनता र चरम गरिबीको अवस्थाको गहिरो घाउलाई अनेकौं अश्लील शब्द प्रयोग गरेर नुनचुक घसेर पीडादायी बनाइरहेका छन् । सबैको चाहना छ-नदीकिनार खुला होस् । यो अहिले भने जसरी सौन्दर्यीकरणको विषयमात्र होइन । राजधानी शहरको दिगो यातायात व्यवस्थापन गर्न पनि यो आवश्यक छ । प्रश्न उठेको प्रक्रियाको हो । पहिलेका सुकुम्बासी र भूमि आयोगहरूले धेरै काम गरिसकेका छन् । सुकुम्बासीको पहिचान र वितरण गर्ने जग्गाको पहिचान पनि भइसकेको अवस्था हो । पहिलेका कामको जगमा टेकेर काम गर्न सकेको भए अहिलेको जस्तो आलोचनाको विषय हुने थिएन । हो, केही समय लाग्ने थियो तर त्यस समयलाई छोट्याउन सकिने थियो । सबै निकाय परिचालन गरेर हरेक दश परिवारका लागि एउटा डेस्क खडा गरेर प्रमाण, नागरिकतालगायत कागजातसहित उपस्थित हुन आह्वान गर्ने, आएका निवेदनको तथ्यांकीय विश्लेषण गरेर हुकुम्वासी पहिचान भएको अवस्थामा विस्थापनमात्र नभई कानुनी कारबाही पनि गर्ने । वास्तविक सुकुम्बासीलाई माया र सहानुभूति दिएर व्यवस्थापन गर्न सकिएको भए यो मानवीय र न्यायपूर्ण काम हुने थियो । जे नहुनु थियो भइसकेको छ । राज्य शक्ति प्रयोग गरेर विस्थापन गरिएको छ । विस्थापन यति क्रूर र अनैतिक शक्ति प्रदर्शनबाट भएको छ यो अन्तर्राष्ट्रिय चर्चाको विषय भएको छ ।

**डोजर आतंकवाद र बालेन डोजर**
डोजरवाद भन्ने शब्दावली गुगलमा छ कि छैन होला संशय राखेर खोजतलास गर्दा फेला पऱ्यो, त्यो नेपालकै सन्दर्भमा रहेछ । स्थानीय समुदायको सहमति, वातावरणीय प्रभाव अध्ययन, उपयुक्त इन्जिनियरिङ सर्भेबिना हचुवाका आधारमा बुल्डोजर प्रयोग गरेर विनाश हुने किसिमले बनाइएका ग्रामीण सडकको सन्दर्भलाई डोजर आतंकवाद भनिएको पाइयो । स्थानीय सरकार र ठेकेदारहरूद्वारा तुरुन्त पूर्वाधार विकास गर्ने छोटो योजना बनाएर वातावरणीय क्षति, जीविकोपार्जनमा नकारात्मक प्रभाव र कतिपय अवस्थामा नागरिकहरूलाई विस्थापन गरिने अवस्थालाई डोजर आतंकवाद भनिएको छ । विकासको नाममा विनाश, योजनाविहीनता, वातावरणीय क्षति, राजनीतिक भ्रष्टाचार, विस्थापन र असुरक्षालाई डोजर आतंकवादका मुख्य तत्त्व भनिएको छ । खोजतलासमा अर्को शब्दावली पनि पाइयो त्यो हो- बालेन डोजर । खासगरी नेपालमा प्रयोग गरिने यो शब्द हो भन्दै भनिएको छ- नेपालका वर्तमान प्रधानमन्त्री बालेन्द्र साहको नेतृत्वमा भएको आक्रामक र उच्चस्तरीय विनाश अभियानलाई बालेन डोजर भनिएको छ । यस शब्दलाई प्रशंसा र आलोचना दुबै रूपमा लिने गरेको बताइएको छ । पहिले विनाश अनि विकास मोडेलअन्तर्गतको अवधारणा हो भनिएको छ । अतिक्रमण हटाउँने, लामो समय लाग्ने कर्मचारीतन्त्रको समस्यालाई पन्छाएर निर्णय गर्ने, काठमाडौं बाहिर पनि यसको प्रभाव देखिने, सुकुम्बासी र अव्यवस्थित बसोवासीको विस्थापन बालेनको डोजरको मुख्य तत्व बताइएको छ । यो कदमका समर्थकहरूले कानुन कार्यान्वयन गर्न र दशकौंदेखिको गलत व्यवस्थापनलाई तह लगाउँन आवश्यक भनेका छन् भने आलोचकहरूले निरुंकुश र आवासको अधिकारविरुद्धको क्रूर कारबाही भनेका छन् ।

**संवैधानिक र कानुनी व्यवस्था**
नेपालको संविधान २०७२ को धारा ३७ (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने भनिएको छ । (३७) २ मा कानुन बमोजिमबाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनिएको छ । संविधानको धारा ४० को दलितको हक भन्ने धाराको (५) मा राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ । ४० (६) मा राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोवासको व्यवस्था गर्नुपर्ने भनी उल्लेख छ । यसै धाराको (७) मा दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्नेगरी न्यायोचित वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ । भूमिसम्बन्धी ऐन, २०२१ को दफा (५२) (क) मा नेपाल सरकरले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए बमोजिम तीन वर्षभित्र जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ । साथै, यसरी उपलब्ध गराइएको जमिन नामसारी र अंशबण्डाबाहेक अन्य प्रक्रियाबाट कसैलाई पनि दश वर्षसम्म हक हस्तान्तरण गर्न नपाइने व्यवस्थासमेत गरिएको छ । माथिको संवैधानिक व्यवस्थाले घरबारविहीन दलितलाई बसोवास गराउने मनशाय राखेको छ । अहिलेको डोजर अभियानले यो संवैधानिक प्रक्रियालाई आत्मसात गऱ्यो कि संविधानको मनशायको हरण गऱ्यो भन्ने विषयमा चर्चा गरौं । हटाइएका सुकुम्वासीमध्ये कति संख्यामा दलित थिए भन्ने आँकडा त उपलब्ध छैन तर सार्वजनिक सञ्चारमाध्यममा अगाडि आएर पीडा पोख्नेमा दलितहरू खासगरी दलित महिलाहरू देखिएका छन् । दैवीविपत्ति होस् वा मानवसिर्जित विपत्ति हरेकमा धेरैजसो पीडितहरू दलित समुदायका पाइन्छन् । पुरानो छुवाछूतको कुप्रथाको कारण बस्तीको नराम्रो भिरालो र नदीको जोखिमपूर्ण स्थानमा बस्नुपरेको कारण बाढी पहिरोमा यसै समुदायका नागरिकहरू पीडित भएको पाइन्छ । अहिलेको बालेनको डोजर विस्थापनको मानव सिर्जित विपत्तिमा पनि दलितहरू वास्तविक पीडित भएको अनुमान गर्न सकिन्छ । अन्यत्र घरबार भएका दलितहरू कमै संख्यामा रहेको अनुमानका आधारमा दलितहरू वास्तविक पीडित हुन सक्छन् । हुन त सुकुम्बासी वा कसैलाई पनि जग्गादिने काम निको नहुने रोग हो भनेर यो स्तम्भमा लेखिसकिएको छ । यद्यपि, नेपालको संविधानको धारा ३७ मा हरेक नागरिकलाई आवासको हक हुने भनिएको छ । सोही दफामा कानुन बमोजिमबाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बसोवास स्थानबाट हटाइनेछैन वा अतिक्रमण गरिनेछैन भनिएको छ । माओवादी दश वर्षे द्वन्द्वपछि शान्ति सम्झौता बमोजिम बनेको संविधान भएको कारण पनि यसलाई समाजवाद उन्मुख भनिएको छ । यसै कारण नागरिक हकका विषयमा यो संविधानले उदारतापूर्वक व्यवस्थापन गरेको छ । सोही अनुरूप आवासको हकलाई नागरिकको हकका रूपमा ग्रहण गरेको छ । सुकुम्बासी र अव्यवस्थित बसोवासको सन्दर्भ आएपछि ऐलानी र पर्ती जग्गा के हो भन्ने विषयमा चर्चा गरौं । मालपोत ऐन २०३४ अनुसार सरकारी जग्गा भन्नाले सडक, पेटी, बाटो, रेल्वे तथा सरकारी घर, भवन वा कार्यालय रहेको जग्गा सम्झनुपर्ने भनिएको छ । त्यस्तै वन, बुटेन, जंगल, नदी, खोलानाला, नदीउकास, ताल, पोखरी तथा सोको डिल, नहर, कुलो, भीरपहरा, डगर, बगर जग्गालाई ऐलानी वा पर्ती भनिएको छ । कसैको पनि भोगाधिकार वा स्वामित्व नरहेको तर सरकारको संरक्षणमा रहेको जग्गा ऐलानी जग्गा हो । कोही हकवाला नभएको जग्गा पनि सरकारी जग्गा हो । सरकारको नाममासमेत जग्गाधनी पूर्जा वा रेकर्ड नरहेका जग्गा पनि ऐलानी अन्तर्गत पर्दछन् ।

**व्यावहारिक जटिलता**
पूर्व-पश्चिम राजमार्ग खुलेपछि राजमार्गको दायाँबायाँ अतिक्रमण हुने क्रम सुरु भयो । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् सरकारी जग्गामा अतिक्रमणले व्यापकता पायो । राजनीतिक दलहरूको संरक्षणमा दलका नेता कार्यकर्ता र उनीहरूको संरक्षणमा सरकारी जग्गामाथिको अतिक्रमण बढ्दैगयो । झन वर्तमान संविधान आएपछि त कुनै दलको बहुमत आउँदैन भन्ने भाष्य बनाएर अतिक्रमण घट्नुको बदला बढिरह्यो । यो बढोत्तरीलाई अंकुश नलगाउने हो भने नेपालमा वन, बुट्यान, नदी र नदीकिनार केही नै नरहने अवस्था रहेको छ । त्यही व्यापकताको परिणाम हो- अहिलेको अतिक्रमण । लुम्बिनी प्रदेशको दाङ उपत्यका र त्यहाँबाट पूर्व कपिलवस्तु, नवलपरासीसम्म ऐलानी जग्गामाथिको अतिक्रमण व्यापक छ । कान्तिपुर दैनिकले कतिपय शहरहरू ऐलानी र वन क्षेत्रका जग्गामा रहेका भनेर विस्तृत विवरण सार्वजनिक गरेको छ । यस्ता शहरमा ऐलानीको बसोवास हटाउँदा शहर र बस्ती नै नरहने सम्भावना छ । दाङको भालुवाङ र तुल्सीपुरमा ऐलानी जग्गाबाट बसोवास हटाउने हो भने बजारको अस्तित्व नै समाप्त हुनसक्छ । यसभन्दा पूर्वी क्षेत्रमा पनि धेरै बजारहरू उठिबासमा पर्ने अवस्था छ । बालेन सरकारले कपन लगायतका क्षेत्रमा नदीकिनारभित्र पनि सरकारी जमिन भनेर ठूला-ठूला घरमा डोजर चलाएको छ । अबमाथि भनिएका ठूला बजारहरूमा के गर्छ ? सबैको प्रतीक्षाको विषय भएको छ । बनिबनाउ शहरमा डोजर चलाएर हजारौं घर भएको बस्ती विनाश गर्नु मानवीय र व्यावहारिक कोणबाट उचित छैन । त्यति धेरै राष्ट्रिय सम्पत्तिको विनाश गर्दा राष्ट्रलाई नै नोक्सान पुग्ने हो । यसको समाधान भनेको तथ्यांकीय विश्लेषण गरेर सुकुम्बासी र हुकुम्बासी, अव्यवस्थित बसोवासी र बहुघर बसोवासी छुट्याउन जरुरी छ । दीर्घकालीन समाधान भनेको त रोजगारी र अवसरको सिर्जना गरेर जमिन वितरण गर्ने काम सदाका लागि बन्द गर्नु हो । किनभने, जग्गा वितरण गर्ने काम लुतो कन्याए जस्तै हो, जति कन्यायो उति नै फैलिँदै जाने । त्यसैले, हुकुम्बासीको घानमा सुकुम्बासीलाई राखेर एउटै जाँतोमा पिस्नु भएन । राज्यले एउटा घरबारविहीन र अवसरबाट वञ्चितको पक्षमा पनि न्याय गर्नुपर्छ । अहिले, पानी परेको मौसममा जसरी वृद्ध, बालक, बिरामी, सुत्केरी र सानासाना नानीबाबुलाई डोजरले घर भत्काएर लखेटिएको छ । स्वाभाविक रूपमा उनीहरूमा विद्रोहको भावना जागृत हुनेछ । वृद्ध, बिरामी त मरेर जालान् तर चेतना पसेका साना नानीबाबुले आफ्ना गरिब र दुःखी बाबुआमाले ज्यालामजदुरी गरेर बनाएको चरीको गुणमा निर्ममतापूर्वक डोजर चलाएको बिर्सनै छैनन् । त्यो दर्द एक दिन विष्फोट हुनसक्दछ । आज तिनलाई घरबारविहीन बनाउनेलाई उनीहरूले त्यस्तै नियतिमा नपुऱ्याउलान् भन्न सकिँदैन किनकि समय बलवान हुन्छ । सरकार ! हुकुम्बासीको घानमा सुकुम्बासीलाई नपिसियोस् ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा अध्यात्म भाव जागृत हुनाले परोपकारी कार्यमा प्रवृत्त भइनेछ। | **तुला** : बजारबाट मनग्य लाभ आर्जन हुनेछ। प्रियजन प्रति आत्मीयता बढ्नेछ। |
| **वृष** : नयाँ निर्णयहरूबाट लाभ मिल्नेछ। पहिला लिएका ऋणहरूबाट मुक्ति मिल्नेछ। | **वृश्चिक** : अध्यापनमा मन लाग्नेछ। बौद्धिक क्षेत्र फराकिलो हुनेछ। |
| **मिथुन** : भविष्यमा लाभ र प्रतिष्ठा कमाउन सकिनेछ। साधन संग्रह गर्ने योग छ। | **धनु** : अरुको विषयमा चासो लिँदा समस्यामा परिएला। व्यवहार गर्दा सजग रहनुहोला। |
| **कर्कट** : शुभ समाचार सुन्न पाइएला। निजी सम्पर्कले व्यावसायिक लाभ रहनेछ। | **मकर** : साहसिक कार्य गर्ने समय रहेको छ। मन पर्ने वस्तु उपहार रूपमा प्राप्त होला। |
| **सिंह** : नयाँ नोकरीको प्रस्ताव आउनेछ। धार्मिक कार्यहरूमा व्यस्तता बढ्नेछ। | **कुम्भ** : पठनपाठनमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा बोलि बिक्नेछ। |
| **कन्या** : उच्च अध्ययनको लागि प्रोत्साहन मिल्नेछ।ज्ञानलाई निखार्ने समय रहेको छ। | **मीन** : केही पाउनको लागि केही कुरा त्याग गर्नुपर्ला। पायक स्थानमा भ्रमणका योग छन्। |

# साहित्य दर्पण

निबन्ध — राजेन्द्र पहाडी

## रुखो बचन नबोल निरमाया

**हामीलाई थाहा छ कुरा गर्ने हजारौं ओठहरुभन्दा काममा जुट्ने एउटै हात कैयौंगुणा शक्तिशाली हुन्छ । तसर्थ निरन्तर काममा जुटौं । गरेर सिक्ने प्रक्रियालाई स्वधर्म मानौं । एउटा सन्दर्भमा कार्ल मार्क्सलाई प्रश्न गरिएको थियो- 'सुन्दर को हुन्छ ' उनको जवाफ थियो- 'कार्यमा लगातार जुटिरहने मानव नै सबैभन्दा सुन्दर हुन्छ ।**

'जबसम्म बोली तिम्रो मुखबाट निस्कँदैन तबसम्म त्यो बोली तिम्रो अधिनमा हुन्छ । जसै त्यो तिम्रो मुखबाट निस्कन्छ अनि तिमी त्यसको अधिनमा हुन्छौ ।' - दार्शनिक सुकरात सामान्यत: मुखबाट निस्केको शब्द, वाणी वा वचन नै बोली हो । अर्को अर्थमा आपसको कुराकानी तथा बोलचाल गर्ने तरिका पनि बोली हो । धक नमानीकन वा मौकाअनुसार बोल्न सक्ने व्यक्तिलाई बोलक्कड, बोल्नमा सिपालु वा बोलैया भन्ने गरिन्छ । अर्कातर्फ मुखबाट सार्थक वा बुझिने शब्द निकाल्नु, कुरा गर्नु, बोलचाल गर्नु, वचन दिनु, भन्नु वा कहनुलाई बोल्नुको अर्थमा बुझ्न सकिन्छ । सबैको चाहना श्रुतीमधुर वाणी सुन्ने नै हुन्छ । यसोभएकाले वक्ताले जहिले पनि सरल, सुस्पष्ट, संयमित, शान्त र सारगर्भित हिसाबले बोल्नुपर्दछ भन्ने अपेक्षा गरिएको हुन्छ । भनिएको पनि छ- क: पर: प्रिय वादिनम् । अर्थात् बोल्नेको कोही पराया हुँदैनन् । गौतम बुद्धले एक ठाउँमा भनेकाछन 'मंगलकारी र विनम्र बोली भएको मानिसले सबैलाई आनन्दित बनाउँछ ।' यसरी बोल्नका लागि बक्ता व्यक्तिको दिमागमा बरफ, मुखमा मिश्री र फदयमा प्रेम हुनुपर्दछ । अरुलाई बोलीबाट प्रभाव पार्न चाहने व्यक्तिले आफ्नो मानसिक स्थितिलाई सदा एकरस, शान्त, शीतल एवं ठण्डा बनाउनु पर्दछ । भन्ने गरिन्छ, राम्रो बोलीवचन (शब्द) सदासदाका लागि अजरअमर हुन्छ । बोली बन्दुकको गोलीभन्दा धेरै शक्तिशाली हुन्छ । भारतको स्वतन्त्रता संग्रामको बेला महात्मा गान्धीले 'आफ्नो मनबाट डर निकालिदेऊ, संसारका कुनै शक्तिले तिमीलाई हल्लाउन सक्ने छैन ।' यही एउटा वाक्यलाई भारतीय जनताले मुक्ति मन्त्रका रुपमा लिएर ब्रिटिस साम्राज्यका विरुद्ध सैर्ष गरे र सफलता हात पारे । वास्तवमा शब्दरुपी बोलीबाटै मानिस विकासको यात्रामा अघि बढिरहेको हुन्छ । कैयन मानिसले यही शब्दको शक्ति र माध्यमबाट आफ्नो संस्कार र सभ्यताको विकास गरिरहेको हामीले देखिरहेका पनि छौं ।

बोल्नु भनेको आफूसँग भएको कुरा अरुलाई दिनु पनि हो । अरुलाई दिँदा नराम्रो किन दिने ? तुच्छ बोलीले अरुको मन किन दुखाउने ? आफ्नो ज्ञान, सीप र गुण अरुलाई सर्ला या आपल्नो सिद्धिएला कि भनेर किन डराउने ? हामीले बुझ्नु पर्छ कि मीठो बोलीवजन दिएर कहिल्यै घट्दैन, भरिनका लागि पोखिन आवश्यक छ । पोखिन डराउनेले भरिने मौका कहिल्यै प्राप्त गर्दैन पनि । वास्तवमा आफैभित्र विकास गरिएको बोल्ने सीप, क्षमता र दक्षताको प्रयोग गरेर अरुको मन जित्न त्यति धेरै कठिन पनि छैन । मीठो बोलीले जस्तोसुकै अप्ठ्यारो परिस्थितिलाई पनि सहजीकरण गर्नमा सहयोग पुऱ्याउँछ । 'काग वा कोइली' भनेर यी दुवैबीच रोज्न लगाउने हो भने स्वाभाविक उत्तर आउँछ 'कोइली' । कारण एउटा मात्र छ- मधुर बोली । बोल्ने मानिसले जहिले पनि दुई तोलाको जिब्रोले अढाई किलोको शिरलाई झुकाउन सक्दछ भन्ने पुरानो किंवदन्तीलाई मध्येनजर गर्नै पर्दछ । हामी सबैलाई ज्ञात छ कि जिब्रोको हडडी त हुँदैन तर चाह्यो भने हजारौं हडडीहरुलाई भाँचिदिने तागत जिब्रोसँग छ । भाव शुद्ध भए पनि अभिव्यक्त गरिने शब्द र शैलीमा संयमता अपनाउन सकिएन भने धेरै ठूलो मूल्य चुकाउनु पुरेका कैयौं उदाहरण हाम्रै समाजमा देख्न सकिन्छ । एउटा सानो शब्दको उपयुक्त स्थानमा चयन हुन नसक्दा अर्थको अनर्थ हुन पुग्दछ र सम्बन्धित व्यक्ति वा संस्थासँगको सम्बन्ध सधैंका लागि तिक्ततापूर्ण तथा अमिलो बन्न पुग्दछ । त्यसै भनिएको होइन- 'रुखो बचन नबोल निरमाया, बचनको घाउ निको हुँदैन ।' तसर्थ बोल्न पाएँ भन्दैमा जे जसरी पनि बोल्नुलाई सही भन्न सकिँदैन । तसर्थ पूर्वीय दर्शनमा भन्ने गरिएको छ- 'नराम्रो नदेखौं, नराम्रो नबोलौं, नराम्रौ नसोचौं । हामीलाई थाहा छ कुरा गर्ने हजारौं ओठहरुभन्दा काममा जुट्ने एउटै हात कैयौंगुणा शक्तिशाली हुन्छ । तसर्थ निरन्तर काममा जुटौं । गरेर सिक्ने प्रक्रियालाई स्वधर्म मानौं । एउटा सन्दर्भमा कार्ल मार्क्सलाई प्रश्न गरिएको थियो- 'सुन्दर को हुन्छ ?' उनको जवाफ थियो- 'कार्यमा लगातार जुटिरहने मानव नै सबैभन्दा सुन्दर हुन्छ । बगिरहेको पानी सफा र कञ्चन हुन्छ भनेजस्तै कार्यमा जुटिरहनेका हातहरु पनि पवित्र र सफा हुने गर्दछन् । तिनै मानिसले आफ्नो अभियानमा सफलता हासिल गर्दछन् ।' यसको सार हो निरन्तरको कामले अनुभवी बन्न सिकाउँछ । अनुभवले कार्यमा उच्चस्तरको सफलता प्राप्त गर्न सकिन्छ । कुशलतापूर्वक बोल्ने कुरा पनि निरन्तरको मेहेनत र अभ्यासपछि प्राप्त हुने सीप हो । विद्वान अरस्तुले पनि भनेकाछन्- 'हामी जुन कामलाई लगातार गर्छौं, हाम्रो व्यक्तित्व त्यसै मुताविक बन्दै जान्छ । श्रेष्ठता कुनै एक कामले नभएर एउटा समुच्च बानीको परिणामस्वरुप प्राप्त हुन्छ ।' एउटा मर्मस्पर्शी भनाई नै छ- 'जहाँ नपहुँचे रवि, उहाँ पहुँचे कवि, जहाँ नपहुँचे कवि, उहाँ पहुँचे अनुभवी' । फेडरिक नित्सेले भनेकाछन 'जसलाई उड्न सिक्नुछ, उसले पहिले उभिन, हिँड्न र दौडन जान्नुपर्छ ।' एउटा दक्ष बोलैया, उद्घोषक वा भाषणकर्ता बन्छु भन्ने चाहना लिएर बसेर मात्र सफलता प्राप्त हुँदैन । अपेक्षित लक्ष्य उद्देश्य प्राप्ती गर्नका लागि कामको थालनी गरिहाल्नुपर्छ, र जवसम्म सन्तोषजनक नतिजा हात लाग्दैन तवसम्म लगातार अभ्यास गरिरहनुपर्छ । पानीको तलाउमा एकपटक पनि हाम नफालीकन कसरी कुशल पौडीबाज बन्न सकिएला ? तसर्थ पूरा समर्पणभावका साथ बोल्नेकला विकास गर्न लागिरहनुपर्दछ । के दलित, के महिला, के युवायुवती, के बालबालिका, के सहरीया, के गाउँले हामी सबै कुनै न कुनै सम्भावनाले युक्त छौं । खाँचो ती सम्भावनाहरुलाई बाहिर कसरी प्रकट गर्ने भन्ने नै हो । पूर्ण इच्छाशक्ति, अनुशासन र समर्पणका साथ लाग्यौ भने असम्भव केही पनि छैन । सिक्न उमेरले छेक्दैन । गुणरत्नमालामा भनिएजस्तो- 'तोरीमा तीलमा छ तेल भरिलो आफै कहाँ झर्छ र । पेल्नै पर्छ बिना पर्यत्न मुखमा आएर कहाँ पर्छ र ।' तसर्थ पनि हामीभित्र भएको नौनीलाई पहिचान गरेर बाहिर निकाल्न बोल्नै पर्ने छ, मनको गाँठो खोल्नै पर्ने छ । यदि हामी सफल बन्न चाहान्छौं भने असफल मानिसले गर्ने आँट नगरेका कुरामा नै हाम्रो कदम अघि बढ्नुपर्दछ । नयाँ कुरा सिक्ने वा बोल्ने काम गर्दा आफैलाई प्रश्न गरौं- 'म को हुँ, कहाँ छु - कहाँ के छ हाल, लिएको छु के कामको जिम्मा ? कस्तो छ चाल ?' जवाफ कस्तो आउला । प्रश्न नपुगे अझै सोधौं- मेरो जीवनका लागि म आफैले जिम्मा लिन्न वा म केही गर्न तत्पर छैन भने अरु कसले जिम्मा लिन्छ ? मैले गर्नुपर्ने काम म आफैले नगरे अरु कसले गरिदिन्छ ? म होइन भने को ? यहाँ होइन भने कहाँ ? आज होइन भने कहिले ? यसरी होइन भने कसरी ? सकारात्मक जवाफ लिदै अघि बढौं । शंकराचार्यले भनेकाछन्- 'जसले मनलाई जित्न सक्छ उसले संसारलाई जित्न सक्छ ।' तसर्थ मनलाई जितेर अघि बढौं । हामी जे गर्छौं आँट र अदम्य सहासका साथ गरौं । काम उही भए पनि फरक तौरतरिका र विधि प्रयोग गरेर गरौं । सुविचारित ढंगले बोल्ने र मनको कुरो खोल्ने आफ्नो भिन्दै शैली र विशिष्ठता स्थापित गरौं । बोल्दा मैमत्ताभाव नदेखाऔं । 'फलेको बृक्षको हाँगो नझुकेको कहाँ छ र ?' भन्ने उक्तिलाई सदैव मनन गरी आफूलाई आएको अवसरको पूरापूर सदुपयोग गरौं । वस्तुत: अरुलाई झुकाउन स्वयं झुक्नुपर्दछ । झुक्नु भनेको सानो हुनु कदापि होइन, बरु अरुलाई आफ्नो नियन्त्रणमा राख्नु हो, सबैको मन मस्तिष्कमा बस्न सक्नु हो । कामले काम सिकाउँछ । तसर्थ बोल्ने कामबाट थप सफलता हातपार्ने अभिलाषा राखेर हातमा आएको जिम्मेवारीलाई निर्भिक ढंगले पूरा गरौं । एउटा कहावतले भने झैं- भन्दैमा सुनिन्छ भन्ने छैन, सुन्दैमा बुझिन्छ भन्ने छैन, बुझ्दैमा गरिन्छ भन्ने छैन, त्यसैले सुनाएर बोलौं, बुझाएर भनौं, बुझेर गरौं गरेर सिकौं । सक्षम बक्ता बन्ने भोक आफूभित्रै जगाऊँ । भोक जगाई जगाई बोल्नेकला आर्जन गरौं । अनेक बहानामा बाहिर भौंतारिनुभन्दा आफ्नो सीप, कुशलता एवं चाहनालाई पहिचान गरेर आफूभित्रकै सुन्दर संसारमा रमाउन जान्ने हो भने हामीलाई कहींकतै जानुपर्दैन । जर्ज वासिङ्टनले भनेजस्तै गुणवान, मीठो बोल्ने, राम्रो गर्ने र सभ्य व्यक्तिको संगतमा रहनुस्, खराव संगतमा रहनुभन्दा बरु एक्लै बस्नुमा बेस हुन्छ । छुच्चोपन देखाएर कसैलाई पनि घृणा, तिरस्कार र बहिष्कार नगर्नुहोस् । बोल्दा कत्तिपनि उत्ताउलोपन नदेखाउनुहोस् । अनावश्यक गफाडी बनेर अर्काको खिल्ली उडाउन र आलोचना गर्न रुखो बोली नबोल्नुहोस् । जहाँ बोल्दै हुनुहुन्छ त्यहाँको कला, संस्कृति, परम्परा, मौलिकता, समाज तथा समग्र परिवेशका बारेमा जानकारी राख्नुहोस् । बोल्दा शब्दहरुको चयन समझदारी र होशियारीपूर्वक गर्नुहोस् । सोचेर बोल्नुहोस् नकी बोली सकेर सोच्नुहोस् । यति हुन सक्यो भने तपाईंको अघि बढ्ने बाटो कसैले छेक्न सक्दैन ।

*-समकालीन साहित्य डटकम*

क्लासिक कथा — दौलतविक्रम विष्ट

## उराठको एक दिन

डाँडामाथि उक्लिएको घामको एक झुल्का झ्यालबाट छिरेर मेरो बिछ्यौनामाथि छरिन्छ । अघि नै आँखा उघ्रिसकेका छन् मेरा । केही छिनपहिले जन्मिएर पनि मरिसकेको देवलमा बजाइएको घण्टाको आवाजलाई सुनिसकेको छु । भंगेराका चिरबिराइ, सारौंका जाँगर र हौसला पनि अहिले शिथिल भइसकेको छ । हरे कठै ! लहरहरूमा अस्तित्व कसरी बज्न थाल्छन् । कसरी शुरू हुन आँटेका कथा कसरी बीचमै भाँचिन्छन् । भित्र गहिराइमा हरे, कस्तो उराठ ! साँच्ची भित्रभित्रै सर्किरहेको यो व्यथा कस्तो हो ? किन पो होला कुन्नि रूप र आकार लिँदा लिँदा त्यो त्यसरी भत्किएको ? म बिछ्यौनामा लम्पसार पर्छु, तर तटस्थताको अभ्यर्थना सम्भव हुँदैन । बिछ्यौनाअगाडिको झ्यालकै ग्रीलमा टाउको टाँसेर बाहिरतिर हेर्न थाल्छु म । बाहिर छन् उही सधैं देखिने खेतका फाँट, डाँडाकाँडा, सल्ला र खरीका रूखहरू, खेतबारीका फाँटमा छरिएका काँचा र पाका इँटका घरहरू । ती घरहरू आजभोलि पनि उस्तै छन्, जस्तो मेरा बाबुबाजेका पालामा थिए । ती सब दृश्यसँग परिचित हुँदै आइरहेको छु बाल्यकालदेखिकै । ती दृश्यमा आजसम्म मैले किञ्चित् पनि परिवर्तन भएको अनुभव गर्न सकेको छैन । जहिले हेर, एउटै किसिमको आभास, एउटै किसिमको छनक । बिहान उठेदेखि मैले अहिलेसम्म चुरोट खाएको छैन । डाक्टरसाहेबले चुरोट नखानु भनेका छन् । जसरी हुन्छ चुरोट छाडिदिनुपर्छ, तर मैले तारासँग त्यो कुरा लुकाएको छु । बीस वर्षदेखि मेरो सहवासमा बसिसकेकीले मलाई चिनेकी छु भन्ने कुरोमा दावा गर्न सक्छे ऊ । राम्रो कुरो हो, आज आकाश सफा छ । हिजोको जस्तो झरीको झम...झम झ्याइँ-झ्याइँ आवाज छैन । आज झलमल घाम लागेको छ । हिजो त यति बेलासम्ममा मैले तीन खिली चुरोटलाई ठुटो पारेर मिल्काइसकेको थिएँ । म एउटा चुरोटको खिली सल्काएर धूवाँको छाला बनाउन थाल्छु । भित्तामा झुन्डिएको क्यालेन्डरमा पनि सस्तो खाले चुरोटको धूवाँले लाछा बनाइरहने मान्छेको तस्वीर छ । त्यसै-त्यसै हाँसिदिन मन लाग्छ । साँच्ची कस्तो विरोधाभास, रेडियोले भने हिजोआज चुरोट नखानु भन्ने प्रचार गर्न थालेको छ, अर्कोतिर भने चुरोटको आयात र उत्पादन भने दुई गुना । थोत्रो कनस्टर ठटाएझैं आभास मात्रै, छि: ! कति गहिरो छ, कति नमीठो छ त्यो बाध्यताभित्र मोटाइरहेका हातका पञ्जा । लाग्दछ कराइदिऊँ कि भनेरैं, कराई-कराई आफूभित्र अटेसमटेस भइरहेको विषमतालाई ओकलिदिऊँ कि भनेरैं । मेरो कोठामा खेलिरहेका दाजु राजन र भाइ केशव कुस्ताकुस्ती गर्न थाल्छन् । म हप्काउँछु पनि कस्ता नालायक ठिटाहरू भनेर । तर, के असर पार्थ्यो र मेरो हप्काइले । दुवै रुन थाल्छन् । म झन्झन् चुरोटको सर्को तान्न थाल्छु । यस्तै हो भने त कहिल्यै पनि निरोगी हुन सक्नेछैन म । लाग्न थाल्छ बाँचुन्ज्याल नै रोगी भइरहन्छु कि भनेझैं !बिछ्यौनाबाट जुरुक्क उठेर दुवै केटाहरूलाई भुकुरिदिन मन लाग्छ । कस्ता केटाकेटीहरू आजभोलिका । बाका पालामा हामी त चुँक्क पनि गर्न सक्तैनथ्यौं बाको अगाडि । खालि स्कूलका पाठ घोकिरहन्थ्यौं । मैले त जेनतेन एम्. ए. गरेको छु । यिनीहरूको भाग्यमा एम्. ए. त के प्रवेशिका पास गर्न पनि लेखेको छैन कि क्या ! अहिलेसम्म तारा मेरो कोठामा तातो चियाको गिलास लिएर दुईचोटि पसिसक्नुपर्ने हो । ऊ कुन बेला उठेर भान्छा तरखर गर्न गएकी हो मलाई पत्तो छैन । उठ्ने मामलामा उसको अगाडि हार मानेको छु मैले । सबेरै उठ्न र कामकाज गर्न अल्छी मान्दिन ऊ । ऊ भँगेराहरू चिरबिराउनुभन्दा पनि पहिले नै उठ्ने गर्छे । ऊ उठ्ने बेलामा म मस्त निद्रामा परेको हुन्छु । तर, अहिलेसम्म तारा किन नआएकी होली ! एक हप्ता पनि बितेको छैन मैले एक धार्नी चिनी किनेर ल्याएको । त्यति चिनी पन्ध्र दिनलाई नभ्याए पनि दश दिनसम्मलाई त अवश्य भ्याउनुपर्ने हो । लौ, दश दिनलाई पनि पुगेन रे ! नपुगेको भए त्यसको सुइँको हिजै राति मलाई दिइसक्नुपर्ने हो ताराले । तारा आए चिया खान पाइने थियो । तर, तारा आउँदिन । बरु, ताराको सट्टा गिलास लिएकी मीनु देखा पर्छे । मेरा हाडहरू मानौं बज्न थाल्छन् । मैले मानौं यो मीनालाई पहिले देख्न सकेको थिइनँ । देखे पनि मानौं चिन्न सकेको थिइनँ । साँच्चै मैले चिनेकी मीना त कति सानी थिई- बामे सर्दै, मेरो घुँडामा घुगुती खेल्दाखेल्दै हुर्किएकी । शंका र उपशंकाका दोभानबाट मुक्त थिई ऊ । तर, अहिलेकी यो मीना त मेरो रोगी अनुहारमा टाँसिएकी राक्षसी छायाजस्ती छे । के बेर उसमाथि तन्नेरी केटाहरूका आँखा तँछाडमछाड गर्दै चिप्लन ! त्यस्तो भयो भने लौ परेन फसाद ! उसका हातपाखुरा काँढा बनेर मानौं मेरो छातीलाई घोच्न थाल्छन् । उसको सम्पूर्ण यौवन नै हुरहुरी बलेर मानौं मलाई पोल्नझैं थाल्छ । म आँखा चिम्लन्छु स्वयम्लाई छकाउन । छोरीको बाबु हुनु पनि कति चिन्ताको विषय हुँदो रहेछ, त्यो कुरोलाई आज पो बल्ल अनुभव गर्न थाल्छु म । "बालाई अङ्गा जान बेर हुँदैन ?" - मीना मानौं पिरोलिन्छे । हरे ! कस्तो बाध्यता छ उठ्नुमा पनि । रामचन्द्रजीको अस्थायीको म्याद सिद्धियो, म्याद थपका लागि ने. लो. से. आ. मा लेख्नु छ । दशदश जवानको म्याद थपको निम्ति लेखिगएको स्वीकृति अझै प्राप्त भइसकेको छैन । गोपीलाई लन्डन पठाउन फाराम मगाइदिनु छ । फेरि निर्देशकज्यूले ल्याउनुभएका दुईजनालाई अस्थायी भर्ना गर्न टिप्पणी उठाउन त बाँकी नै छ । यस सम्बन्धमा निर्देशकका आँखा अँगार हुन केही बेर छैन । सबभन्दा ठूलो कुरो त के भने हरेक पाँच-पाँच मिनेटपछि निर्देशक बोलाइरहनुहुन्छ । यी सब प्रशासनिक त्रुटिभित्र पर्ने कुरा हुन् । तर, त्यस सम्बन्धको गुनासो सुनाउने नै कसलाई । सुनायो भने आफ्नो नोकरीकै काल ! तर...तर... त्रुटि कस्तो ? यो त रीत हो । त्रुटि त घुमाउने मेचमाथिका बुद्धिहरूबाट हुँदै हुँदैन । उनीहरूबाट एउटा चिठी लेख्न पाँच सय ताउ कागज खर्च गराए पनि राइट, एक ताउ कागज खर्च गराए पनि राइट । उनीहरूलाई त्रुटि देखाउन थाल्नु नै नालायकी । सुनेको छु- परार साल एउटाले त्रुटि देखाउन के चेष्टा गरेको थियो रे, त्यस्तैमा चट भएको थियो रे उसको तानामाना नै । सारा मध्याह्नी मानौं ममाथि अट्किन्छ । फाइलभरिका सारा अक्षरहरू लाख-लाख झिँगाको चोला लिएर मानौं भुनभुनाउन थाल्छन् ममाथि । "फलानाजी ! मेरो काम भएन । फलानाजी । किन ढिलासुस्ती ।" सेक्सन अफिसरसाहेब घरबिदा लिएर गएका, आजसम्म पनि आएका छैनन् । उनले घरबिदा लिँदा लुगा धुने साबुनको भाउ पाउको एक रुपियाँ थियो, अहिले दुई रुपियाँ भइसकेको छ । सेक्सन अफिसरसाहेबको बिदा भुक्तान भएको पनि ठ्याम्मै एक हप्ता भइसकेको छ । उनी अगाडि भइदिएका भए पनि काम केही छिटोछरितो किसिमले हुने थियो । टिप्पणीसिप्पणी लेख्न अल्छी माने पनि दस्तखत गरी हाकिमसाहेबकहाँ फाइल त पेश गर्ने गर्थे । उफ् ! जागिर खानु त हाकिमी दर्जाकै राम्रो, हाकिम पाइएन भने एकाउन्टेन्ट वा किनमेल र ठेक्कापट्टाको काम गर्नु पनि केही मज्जाकै कुरो हो । हरे ! कुन प्रकृतिको मान्छे म, कठै ! बाध्यताले गर्दा कुन प्रकृतिको काम समाउन पुगेँछु । स्वभावअनुकूलको काम भेट्टाएको भए सम्भवत: यति साह्रो भाँचिने थिइनँ होला म । तर, भाँचिनु कस्तो !के भाँचिनु भन्ने स्वयम् मभित्रको भौतिक मोहबाट उत्पन्न हुने विडम्बनायुक्त शब्द होइन र ! कति जाती हुने थियो म जन्मिँदै नजन्मिएको भए । लौ, जन्मिहालें रे । कति जाती हुने थियो जन्मनेबित्तिकै मेरी आमाले मलाई घाँटी निचोरिदिएकी भए । त्यसो भएको भए डर त हुने थिएन नपुंसकताको पर्दा खस्ने ! समय घस्रँदै जान्छ मेरा लुला खुट्टाहरूबाट । शान्तिका लागि स्वयम्लाई नै निल्ने प्रयत्न गर्न थाल्छु म । फेरि पछि हरे !कस्तो गनाउने किसिमको बोध ! निरर्थकतामा पुच्छर हल्लाउँदै भुक्ने, आफ्ना ख्वामितको पैतालालाई चाट्ने, बटुवामाथि भुकेर इमानदारी देखाउने कुकुरको जस्तै जीवनको बोध पो त भइरहेको छ । म क्यान्टिनको टेबिलवरिपरि छरिएका आँखा र अन्तरकथाहरूका हूलमा हराउने प्रयत्न गर्न थाल्छु । पिउनले समाचार ओसारिरहन्छ कहिले के कहिले के । कहिले हाकिमको समाचार, कहिले भेट्न आउनेहरूको समाचार । फेरि टेलिफोनको घण्टी टिनिन टिनिन... बजिरहन्छ । रिसिभरलाई भुईंमा पछारिदिऊँ झैं झोक चल्छ । तर, झोक चलेर पनि के ! रिसिभरलाई पछार्ने के पो तागत मेरो ! उफ् ! कस्तो विवशता !कस्तो बन्धन । सम्भवत: यसबाट मुक्ति छैन । मुक्ति भए तापनि खै कहाँ छ जिब्रो मभित्र ? म त लाटो भइसकेको छु । चकमन्न भइसकेको छु । भाँचिएका पखेटा फरफराउने पिँजडाभित्र थुनिएको चरो भइसकेको छु । मेरो बोध मानौं रट्न थाल्छ–"बालक बबुरो द्विज शुकनामा हूँ म परेको छु पिँजडामा ।" झ्यालहरू धमाधम खोलिँदै जान्छन् । कुनै बारमा बसेर साथीको खल्ती झारझुर पारी ककटेलका दुई-चार पेगले रगत तातो पार्ने चेष्टा गर्न थाल्छु म । दिनभित्रको चकमन्नताले आत्मसमालोचनाको रूप लिन्छ– अलकत्रे सडकमाथि-माथि । तर कठै ! खानु र डुल्नुभित्र पनि कति चिसोपन छ । लाग्न थाल्छ साथीको स्वरूप रित्तो कनस्टर भएझैं । हरेक मोडमा उही कनस्टर ठटाइरहेझैं स्थितिको बोध । मेरो साथीभित्र नशा छ । मभित्र पनि नशा छ । नशाभित्रभित्रै पनि पिलपिलाइरहन सक्ने चेतनाको उज्यालो मानौं काम्न थाल्छ । म बुझिरहेको छु– ऊ त्यसलाई स्वीकार गरेको छ भन्ने कुरा देखाउन चाहँदैन । उसको अहंमा धक्का लाग्छ । त्यसैले ऊ नशाले लड्गिएको जिब्रोभित्र हो, ऊ झन्झन् उदाउँदै जान्छे । उसका हातखुट्टाको बनोट, उसको अनुहारको बनोट, उसको सम्पूर्ण अस्तित्वले नै तीव्र किसिमले मेरो मानसमा रूप र आकार लिन थाल्छ । यही कुरालाई लिएर मेरो साथी मलाई 'रोमान्टिक' भन्छ । ठीक हो, म उसको कुरालाई स्वीकार गर्छु । उसलाई स्वीकार गरेर म घरतिर बाटो बनाउँदै जान्छु । नगए त म झन् अतालिनेछु । घरमा पुगेपछि साराका सारा अपमानित अनि जलिल तीरले उकासेका घाउहरूलाई तारासँगको रोमान्सको पछ्यौरीले छोपेर निश्चय पनि सहन सक्छु । निश्चय पनि म फलामे कवच धारण गर्दै आइरहेको छु तारालाई अँगालेर ।

*-साहित्यपोस्ट डटकम*

# आज कानुन दिवस मनाइँदै




**पाल्पा,** वैशाख २५/आज वैशाख २६ गते अर्थात् ७४ औँ कानुन दिवस । न्यायपालिकाप्रतिको जनविश्वासलाई अझ बलियो बनाउन तथा न्यायमा सबैको पहुँच सुनिश्चित गर्दै न्यायिक सुशासनको प्रवर्द्धनमा जोड दिँदै आज कानुन दिवस मनाइँदै छ ।कानुन र न्यायको क्षेत्रमा चासो राख्नेहरूका लागि यो विशेष दिन हो ।

विसं २००७ मा प्रजातन्त्र स्थापनापश्चात् २००८ सालमा प्रधान न्यायालय ऐन जारी भई २००९ साल वैशाख २६ गते राजा त्रिभुवनबाट लालमोहर लगाएको दिनको स्मरणमा यो दिनलाई कानुन दिवसका रूपमा मनाउन प्रारम्भ भएको हो । उक्त ऐन २००९ साल पुस ८ गतेको गजेटमा प्रकाशन भई प्रधान न्यायालय गठन भएको र त्यसैको जगमा हालको सर्वोच्च अदालतको स्थापना भएको हो । न्यायपालिकालाई कार्यपालिकाबाट पृथक राखी स्वतन्त्र, निष्पक्ष र तटस्थ न्यायपालिकाको स्थापना, विधिको शासन र आधुनिक न्याय प्रणालीको श्रीगणेश सोही दिनदेखि भएको मानिन्छ ।

सर्वोच्च अदालतले दिवस प्रत्येक वर्ष मनाउने गरेको छ । प्रधानन्यायाधीश आयोजक रहने समारोहमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, कानुनमन्त्रीलगायत, सरकारी उच्च अधिकारीहरूको उपस्थिति रहने गरेको छ । न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन तथा आधुनिक न्याय प्रणालीको स्थापनाका लागि उक्त ऐनले खडा गरेको जगलाई थप मजबुत बनाउन विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरिन्छ । गतिशील समाजका हरेक काम कारबाही र मानवीय गतिविधिहरूलाई नियमन, व्यवस्थापन र सञ्चालन गर्ने औजारका रूपमा कानुनलाई लिइन्छ। कानुन शब्दले विभिन्न प्रकारका नियम तथा सिद्धान्तलाई व्यक्त गर्दछ । विभिन्न काल खण्डमा विभिन्न विद्वानहरूले कानुनका बारेमा विभिन्न धारणाहरू व्यक्त गरेका छन् । सामान्य नागरिकका लागि कानुन आफूले पालना गर्नुपर्ने आदेशको संग्रह हो भने विधायकहरूको नजरमा समाजको चाहानाअनुरूप आफूले बनाउने नियम हो । सामाजशास्त्रीले कानुनलाई समाज व्यवस्थापनको न्यायिक पक्षको रूपमा लिन्छन् भने दार्शनिकहरूले नागरिकको अधिकार र कर्तव्यको सीमा निर्धारण गर्ने विज्ञान भनी बुझ्दछन् । कतिपयले कानुनलाई न्याय र न्याय प्राप्त गर्ने साधनको रूपमा मानेका छन् । विधि शास्त्री साल्मण्डले कानुन अधिकार मात्र पनि होइन र शक्ति मात्र पनि होइन, यो त दुवैको उत्कृष्ट संयोजन हो भनी तर्क गरेका छन् । सामान्यत: संविधान, ऐन, नियम, निर्देशिका, प्रथा परम्परा, सन्धी सम्झौता, न्यायिक आदेश तथा सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तहरू कानुनको कोटीमा पर्दछन् ।

## हिउँचितुवा गणना ...

...हिउँचितुवा गणनामा १५ जना कर्मचारी तथा प्राविधिक खटिएका थिए । ढोरपाटन सिकार आरक्षको तीन हजारदेखि पाँच हजार ५०० मिटरभन्दा माथिसम्म हिउँचितुवाको बासस्थान रहेको पाइएको छ । एक हजार ३२५ वर्ग किमी क्षेत्रमा फेलिएको आरक्षको मुख्यालय बागलुङमा रहे पनि म्याग्दी र रुकुमसम्म फैलिएको छ । वैशाखको ११ गतेदेखि राख्न थालिएको क्यामेरा ४५ दिनपछि संलग्न गरेर कार्यालयमा ल्याएर गणना गरिनेछ । आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र फागुने ब्लकमा हिउँचितुवा गणना गर्न क्यामेरा जडान गरिएको हो । रेन्जर सुवेदीका अनुसार हिउँचितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिनेछ । यस्तै हिउँचितुवाको जंगलमा भेटिएको दिसा संलग्न गरेर प्रयोगशालामा परीक्षण गरिन्छ भने पदचिह्न तथा संकेत सर्वेक्षण पाइलाका आधारमा समेत चितुवाको संख्या गणना गर्न सकिन्छ । **-रासस**

## 'अध्यादेश लोकतान्त्रिक ...

...संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमार्फत शक्ति केन्द्रित गर्ने प्रयासले शक्ति पृथकीकरणको सिद्धान्तमाथि नै प्रश्न उठाएको उल्लेख गर्दै उनले संविधानको मर्म, संस्थागत सन्तुलन र लोकतान्त्रिक प्रणालीको रक्षा गर्न कांग्रेस दृढतापूर्वक उभिने बताइन् । "संविधानको आत्मा भनेकै शक्ति सन्तुलन हो। जब सरकारले संवैधानिक निकायहरूलाई नियन्त्रणमा राख्ने उद्देश्यले अध्यादेशको दुरुपयोग गर्छ, त्यसले अधिनायकवादलाई प्रश्रय दिन्छ," क्षेत्रीले भनिन्, "नेपाली कांग्रेस लोकतन्त्र र संविधानमाथि हुने कुनै पनि प्रहारविरुद्ध चट्टानझैँ उभिन्छ ।"सुकुम्वासी बस्तीमाथिको बल प्रयोगप्रति पनि उनले गम्भीर चिन्ता व्यक्त गर्नुभयो। सुकुम्वासी समस्याको समाधान दमन, डोजर र त्रासबाट सम्भव नहुने उल्लेख गर्दै उनले पहिचान, संवाद र सम्मानजनक पुनर्स्थापनामार्फत मात्रै दीर्घकालीन समाधान खोज्नुपर्ने धारणा राखिन् । राज्य नागरिकको अभिभावक बन्नुपर्नेमा डर र असुरक्षा फैलाउने माध्यम बन्दै गएको भन्दै उहाँले सुशासनको वास्तविक अर्थ नागरिकको मौलिक अधिकारको संरक्षण भएको स्पष्ट पारिन् । नेपाली कांग्रेसको 'जरा अभियान'की केन्द्रीय प्रतिनिधिसमेत रहेकी क्षेत्रीले कांग्रेस अब लोकतन्त्र कमजोर पार्ने गतिविधि टुलुटुलु हेरेर नबस्ने चेतावनी दिइन् । जनहितका सकारात्मक कानुन निर्माणमा कांग्रेस सधैँ सहयोगी रहने तर संविधान, संसद र नागरिक अधिकारविपरीत आउने हरेक कदमको सदनदेखि सडकसम्म सशक्त प्रतिवाद गरिने उनको अडान थियो ।

### खेलकुद समाचार

# नेपालले अमेरिकालाई ३ विकेटले हरायो



**काठमाडौं,** वैशाख २५/ एकदिवसीय अभ्यास शृङ्खलाको दोस्रो खेलमा नेपालको 'ए' टोलीले अमेरिकालाई ३ विकेटले हराएको छ । अमेरिकाले दिएको २६३ रनको लक्ष्य नेपाल 'ए' ले ४९ ओभर १ बलमा ७ विकेट गुमाएर भेटायो । नेपाल 'ए' का मयन यादवले ७२ रन बनाए । अमेरिकाका मिलिन्द कुमारले २ विकेट लिए । यसअघि माथिल्लो मूलपानी मैदानमा टस जितेर ब्याटिङ गरेको अमेरिकाले ५० ओभरमा ८ विकेट गुमाएर २६२ रन बनायो । अमेरिकाका स्मित पटेलले शतक बनाए । पटेल १०८ बलमा ११६ रन जोडेर आउट भए । नेपाल 'ए' का पवन सर्राफले २ तथा विपिन खत्री, शाहब आलम, बसिर अहमद, शेर मल्ल, रशिद खान र नारायण जोशीले १/१ विकेट लिए । एकदिवसीय अभ्यास शृङ्खलाको पहिलो खेलमा हिजो नेपाल 'ए' ले स्कटल्याण्डलाई ४५ रनले हराएको थियो । आईसीसी क्रिकेट विश्वकप लिग -२ खेल्न नेपाल आएका अमेरिका र स्कटल्यान्ड टोलीसँग नेपाल 'ए' ले एकदिवसीय अभ्यास शृङ्खला खेलिरहेको हो । नेपाल 'ए' ले स्कटल्यान्ड र अमेरिकासँग २/२ वटा अभ्यास खेल खेल्नेछ । नेपाल 'ए' ले शृङ्खलाको तेस्रो खेलमा भोलि स्कटल्यान्डसँग र आउँदो सोमवार अमेरिकासँग खेल्नेछ । यही वैशाख २८ देखि जेठ ८ गतेसम्म नेपाल, अमेरिका र स्कटल्याण्डबीच कीर्तिपुरको त्रिवि मैदानमा लिग-२ प्रतियोगिता हुँदैछ ।

**वर्गिकृत डिस्प्ले**


**१X ५ साइजमा मात्र**

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहेरो अंकले वृद्धि



**पाल्पा,** वैशाख २५/ नेप्से परिसूचक साताको अन्तिम सेयर कारोबार दिन शुक्रबार दोहोरो अंकले बढेर बन्द भएको छ । नेप्से २७ दशमलव ४९ अंकले बढेर २ हजार ७ सय ४५ दशमलव ६५ विन्दुमा पुगेको हो ।

नेप्से बढेसँगै कारोबार रकम पनि बिहीबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३ सय ३५ वटा स्क्रिप्सको ७४ लाख ७८ हजार ५ सय ६२ कित्ता सेयर ३ अर्ब २८ करोड ६८ लाख ७० हजार ५ सय ५९ रुपैयाँमा खरिदबिक्री भए । अघिल्लो दिन बिहीबार २ अर्ब ९३ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । त्रिशूली जल विद्युत कम्पनीको सेयर सर्वाधिक १० प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा होटल फोरेस्ट इन शीर्षस्थानमा रह्यो । उक्त होटलले १३ करोड ३८ लाख मूल्य बराबरको सेयर कारोबार गऱ्यो । रिलायन्स स्पिनिङ मिल्सले १३ करोडको कारोबार गर्दा सोलु हाइड्रोपावरले १२ करोड,नगदी ग्रुपले ११ करोड र रिडी पावरले १० करोड मूल्य बराबरको सेयर कारोबार गरे । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । बैंकिङ समूह शून्य दशमलव ६७, विकास बैंक शून्य दशमलव ९५, वित्त एक दशमलव ८७, होटल तथा पर्यटन एक दशमलव ४८, जलविद्युत् एक दशमलव ७१, लगानी एक दशमलव १०, जीवन बीमा शून्य दशमलव ६२ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४० प्रतिशतले बढेको छ । त्यस्तै, लघुवित्त समूह शून्य दशमलव १६, म्युचुअल फन्ड शून्य दशमलव ५५, निर्जीवन बीमा समूह एक दशमलव ५२ र अन्य समूह एक दशमलव १३ प्रतिशतले बढेको नेप्से जनाएको छ । त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडको सेयर मूल्य आज सबैभन्दा धेरै १० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५४ प्रतिशतले घटेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई